आज मिति २०७८/०४/१० गते आईतबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिक बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| वरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| ~~शाखा प्रमुख~~ सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री ~~पवन पाख्रिन~~ | - सदस्य |

## विशेष आमन्त्रित

मानननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल सभापति, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री भिष्मराज श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री मेग बहादुर कार्की, उप महासचिव, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री शुक्र बहादुर विसंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री नवराज पहाडी, गैर सरकारी संस्था महासंघ (उपाध्यक्ष)

श्री कालकुमारी श्रेष्ठ, सिड्स नेपाल

श्री ..............................., रिलिफ नेपाल

निर्णयहरु:

१. सिन्धुली जिल्लामा आजको मितिसम्म कोभिड-१९ का सक्रिय संक्रमित ३९६ रहेको र कोभिडका कारण ३८ जनाले ज्यान गुमाउनु भएको छ । जिल्लाको कोभिड-१९ को स्थितिमा केही सुधार आएतापनि अझै सजगता अपनाइ मास्क लगाउने, सामाजिक दूरी कायम गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । लामो समय सम्म निषेधाज्ञा लगाउँदा नागरिकको जनजीवन प्रभावित भएकोले निषेधाज्ञालाई मिति २०७८/०४/२० गते राती १२:०० बजेसम्म केही खुकुलो गरी तपशिल बमोजिम हुनेगरी निरन्तरता दिने ।

तपशिल:

क) पसल व्यवसायहरु स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई विहान ६:०० बजे देखि वेलुका ८:०० बजे सम्म संचालन गर्न दिने ।

ख) निजी नम्बर प्लेटका सवारी साधनलाई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई जिल्ला भर संचालन गर्न दिने ।

ग) सरकारी कार्यालय, सार्वजनिक संस्थानहरु, बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड कायम गरी भिडभाड नगराई संचालन गर्ने ।

घ) होटल व्यवसाय, सैलुन, पार्टी प्यालेस स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सञ्चालन गर्ने ।

ङ) लामो समयको निषेधाज्ञाको कारण नागरिकलाई आवतजावतमा असहज भएको, सरकारी कार्यालय, वैंक तथा वित्तीय संस्थाहरुबाट सहज रुपमा सेवा प्राप्त गर्न नसकेकोले नागरिकको आवतजावतलाई केही सहज बनाउन सिन्धुली जिल्ला भित्र (छोटो दूरी) मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सिटमा मात्र यात्रु राख्न पाउने गरी सार्वजनिक यात्रुबाहक सवारी साधन संचालन गर्न दिने । सार्वजनिक यात्रु बाहक सवारी साधन संचालन गर्दा चालक, सहचालक र यात्रुले अनिवार्य मास्क लगाउने व्यवस्था गर्नु पर्ने, सेनिटाईजरको प्रयोग गर्ने र सामाजिक दूरी कायम गरी सवारी साधन समय समयमा निष्संक्रमित गरेर मात्र संचालन गर्ने ।

२. दुधौली नगरपालिकाको वडा नं. २ मा रहेको मधुगंगा महादेव मन्दिरमा श्रावण महिनामा लाग्ने महादेव मेला विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) का कारण स्थगन गर्ने भनि मिति २०७८/४/५ मा बसेको दुधौली नगरपालिका को ७४ औं कार्यपालिकाको बैठकको निर्णयानुसार हाललाई मेला स्थगन गर्ने भनि पत्र प्राप्त भएकोले उक्त मेला स्थगन गरी भिडभाड गर्न रोक लगाउने ।

२०७८/४/१०